**Prithvi wangmaya Journal**
**Vol. 14, 2024**
**Nepali Department, Prithvinarayan Campus, (TU)**
**Pokhara, Nepal**

# कालीगण्डकी  कवितामा व्यक्त समाधिस्थभित्रको अन्तर्य

**डा.बोधराज ढकाल**
उपप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
Email: bodharajdhakal026@gmail.com
Auther : Bodha Raj Dhakal
DOI: https://doi.org/10.3126/pw.v14i01.69761
Received date : 20 May 2024,    Reviewed date : 6 June 2024,    Accepted date : 16  July 2024

**सार**

प्रस्तुत अनुसन्धानात्मक लेख 'कालीगण्डकी' कवितामा व्यक्त समाधिस्थभित्रको अन्तर्यको विश्लेषणमा आधारित छ। यस लेखमा कविताको अन्तर्यमा कविले व्यक्त गरेको आध्यात्मिक दर्शनका तत्त्वचिन्तनको विवेचन गरी तथ्य निरूपण गरिएको छ । धर्तीकै दिव्यस्थल मोक्षधामबाट उत्पन्न भई दिव्यशिला शालिग्राम सृजना गर्ने कालीगण्डकीको किनारैकिनार मुहानमा पुगी ध्यानस्थ भएर कविले परमानन्द लिन खोजेको अन्तर्य विषयलाई यहाँ विश्लेषण गरिएको छ। गुणात्मक अध्ययन पद्धतिमा आधारित यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको सङ्कलन गरी उद्देश्यमूलक नमुना छनोट पद्धतिका माध्यमबाट 'कालीगण्डकी' कवितालाई छनोट गरिएको छ । पूर्वीय षड्दर्शनहरूमध्ये सापेक्षित रहेका दर्शनहरूका निवृत्तिसँग सम्बन्धित दृष्टिकोण कवितामा व्यक्त समाधिस्थभित्रको अन्तर्यको सन्दर्भलाई साक्ष्यका रूपमा दृष्टान्तसहित व्याख्यापरक विधिमार्फत विश्लेषण गरिएको छ । एपिए सातौँ संस्करणलाई अवलम्बन गरिएको यस लेखमा कविले कवितामा व्यक्त गरेको समाधिस्थको विषयसँग पूर्वीय षड्दर्शनहरू साङ्ख्य, न्याय, मीमांसा, योग र वेदान्त दर्शनले अगाडि सारेका मोक्षसँग सम्बन्धित चिन्तनको अवस्था सापेक्षित बनेर प्रस्तुत भएको देखिन्छ। कवितामा कविले कालीगण्डकीको सृजनशिल्पको सन्दर्भमा साङ्ख्य दर्शन, अलौकिक कला रहस्य बुझ्न खोजेको विषयमा न्याय दर्शन, कालीको किनारै किनार मुक्तिधाममा पुगेर ध्यानस्थ हुन खोजेको विषयमा योग दर्शन, आनन्द प्राप्त गर्न खोजेको सन्दर्भमा मीमांसा दर्शन र सृजनामा सम्पूर्णताको खोजी र मोक्ष प्राप्त गर्न चाहेको प्रसङ्गमा वेदान्त दर्शनका अभिलक्षणहरू नै समाधिस्थभित्रको अन्तर्य भएको कुरालाई प्रस्तुत लेखमा दृष्टान्तसहित निरूपण गरिएको छ ।

**मुख्य शब्दहरू :** अन्तर्य, अपवर्ग, दिव्यज्ञान, ध्यानस्थ, पूर्णसृजन

## विषयपरिचय

नेपाली साहित्यका विविध विधामा कलम चलाएका माधवप्रसाद घिमिरेको प्रथम प्रकाशित कविता *ज्ञानपुष्प* गोरखापत्रमा वि.सं. १९९२ सालमा प्रकाशित भएको थियो । घिमिरेका *नव मञ्जरी* (कविता सङ्ग्रह), *घामपानी, बालालहरी* (बालकविता सङ्ग्रह), *नयाँ नेपाल, किन्नर–किन्नरी* (गीतिकविता सङ्ग्रह), *सुनपङ्खीचरी* (बालगीत सङ्ग्रह), *गौरी, पापिनी आमा, राजेश्वरी, राष्ट्रनिर्माता, धर्तीमाता* (खण्डकाव्य), *शकुन्तला, मालती–मङ्गले, विषकन्या, देउकी, अश्वत्थामा, हिमालवारि हिमालपारि, बालकुमारी* (गीतिनाटक) आदि प्रकाशित कृतिहरू हुन् । स्वच्छन्दतावादी भावधारालाई परिष्कृत शैली शिल्पद्वारा प्रस्तुत गर्ने कवि घिमिरेले स्वच्छन्दवादी भावावेगलाई परिष्कृत कलाबाट प्रस्तुत गरेका छन् । घिमिरेले भावधारामा सबै रस, ध्वनि र गुणको उपयुक्त गुणस्तरीय प्रस्तुति दिएका छन् । उनले आफ्ना कवितामा प्रकृतिको आन्तरिक र वाह्य स्वरूपको कलात्मक चित्रण गरेका छन् । नेपाली संस्कृति र जनजीवनसँग प्रकृतिचेत जोडेर कवितामा नेपालको प्रकृति, संस्कृति र इतिहासका सन्दर्भमा चर्चा गरेका छन् । भौतिकवादी जडता र मानवीय आसुरी प्रवृत्तिप्रति असहमति राख्दै घिमिरेले कवितामा अध्यात्मवादी बौद्धिक चेत प्रस्तुत गरेका छन् । कवि घिमिरेले कवितामा पूर्वीय अध्यात्म दर्शन तथा आदर्श मानवीय संस्कृतिप्रति विशेष झुकाव देखाएका छन् । यस *कालीगण्डकी* कवितामा साङ्ख्य, न्याय, मीमांसा, योग र वेदान्त दर्शनका मोक्षसँग सम्बन्धित विषयहरू अन्तर्यमा प्रस्तुत भएका र तिनीहरूलाई नै यस लेखमा तथ्यपरक रूपमा विश्लेषण गरिएको छ ।

## लेखको समस्या तथा उद्देश्य

प्रस्तुत अनुसन्धानात्मक लेख माधवप्रसाद घिमिरेद्वारा लिखित *कालीगण्डकी* कवितामा व्यक्त समाधिस्थभित्रको अन्तर्य के हो ? र यो कसरी प्रस्तुत भएको छ ? भन्ने मूल समस्यामा केन्द्रित छ । यस कवितालाई वैदिक षड्दर्शन(साङ्ख्य, न्याय, मीमांसा, योग र वेदान्त दर्शन)ले अगाडि सारेका मोक्षसँग सम्बन्धित मान्यताको आलोकमा यस कवितामा प्रस्तुत समाधिस्थभित्रको अन्तर्यलाई निरूपण गरी निष्कर्षमा पुऱ्याउनु यस लेखको उद्देश्य रहेको छ ।

## पूर्वकार्यको समीक्षा

माधव घिमिरे र उनका काव्यकृतिहरू सन्दर्भमा प्रशस्त मात्रामा अध्ययन, अनुसन्धान र समालोचनात्मक विश्लेषणहरू भएका छन् । *कालीगण्डकी* कवितनामा समाधिस्थभित्रको अन्तर्य के हो भन्ने सन्दर्भमा विस्तृत रूपमा विवेचन भएको देखिँदैन । यद्यपि घिमिरे र उनका काव्यकृतिका सन्दर्भमा गरिएका कतिपय अध्ययन, अनुसन्धान एवम् समालेचनात्मक विश्लेषणले यस लेखका निम्ति सापेक्षित आधार दिने हुनाले तिनीहरूमध्ये केहीलाई पूर्वकार्यको रूपमा लिइएको छ । वासुदेव त्रिपाठी (२०३२) ले *सिंहवालोकन* पुस्तकमा *कालीगण्डकी* कवितामा अलङ्कारको उत्कृष्ट संयोजन भएको उल्लेख गरेका छन् । साथै यस कवितामा पूर्वीय आध्यात्मिक तत्त्वचिन्तनसमेत प्रस्तुत गरिएको भनेका छन् । नरेन्द्र चापागाईं (२०४३) ले *केही सृष्टि केही दृष्टि* पुस्तकमा घिमिरेका कविताहरूमा भावसौन्दर्य उच्च रहेको उल्लेख गर्दै उनका कवितामा पूर्वीय जीवनदर्शनको प्रभाव पाइन्छ भनेका छन् । वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी(२०४६)ले *नेपाली कविता भाग ४* मा *कालीगण्डकी* कविताको समेत विश्लेषण गरेका छन् । विश्लेषणमा घिमिरेको यस कवितामा प्राकृतिक, मानवीय र दिव्यदर्शनका सन्दर्भलाई प्रस्तुत गरिएको र कविता पूर्वीय काव्यतत्त्वले युक्त भएको उल्लेख छ। कवितामा आध्यात्मिक

दर्शन प्रकट भएको र कविमा पौराणिक ज्योतिर्मय दिव्यत्वप्रति आकर्षण रहेको पनि उल्लेख गरिएको छ । राममणि रिसाल(२०५०)ले *नेपाली काव्य र कवि* पुस्तकको 'खण्डकाव्यकार श्री माधव घिमिरे' शीर्षकको लेखमा माधवका काव्यभित्र पूर्वीय चिन्तनको माधुर्य खुलेको उल्लेख गरेका छन् । रामदयाल राकेश(२०५५)ले *नेपाली साहित्य : विभिन्न आयाम* समालोचनात्मक पुस्तकमा 'कवि माधव घिमिरेको काव्यसाधना' शीर्षकमा घिमिरेको सङ्क्षिप्त परिचय दिएका छन् । घिमिरेका कवितामा नेपाली लोकलय झ्याउरे तथा संस्कृत छन्दको प्रयोग गरिएको र कतिपय कवितामा कवि स्वयं पूर्वीय दर्शनका चिन्तक बनेर प्रकट भएका छन् भनेर राकेशले उल्लेख गरेका छन् । जयन्ती रूपाखेती(पौडेल)(२०७१)को *माधव घिमिरेका बाल कविताका प्रवृत्ति* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा घिमिरेलाई स्वच्छन्दवादी भावलाई परिष्कारवादी शैलीमा प्रस्तुत गर्ने कविका रूपमा चित्रण गरेकी छन् । कतिपय कवितामा राष्ट्रवादी, विश्वबन्धुत्व, नीतिउपदेश आदि जस्ता भावका साथै पूर्वीय दर्शनको सापेक्षतामा भावगत सन्देश प्रस्तुत गरिएको छ भनेर शोधप्रबन्धमा उल्लेख गरिएको छ । यसैगरी सुभाषचन्द्र न्यौपाने (२०७८)को *माधव घिमिरेका कवितामा अलङ्कारविधान* विद्यावारिधि शोधप्रबन्धमा अङ्कारविधानको सापेक्षतामा कविताहरूको विश्लेषण गरिएको भए पनि कतिपय कवितामा भने कविले आध्यात्मिक चिन्तन प्रस्तुत गरेका छन् भनेर उल्लेख गरिएको छ । माथि उल्लेख गरिएका पूर्वकार्यहरूलाई अध्ययन गर्दा घिमिरे पूर्वीय जीवन दर्शनबाट पनि प्रभावित भएका देखिन्छन् । उनका काव्यकृतिहरूमा यसको प्रभावको स्वरूप कस्तो रहेको छ र कसरी परेको छ ? यस विषयमा विस्तृत रूपमा अध्ययन, अनुन्धान एवम् विश्लेषण हुन भने बाँकी रहेको देखिन्छ । प्रस्तुत पूर्वकार्यहरूको अध्ययनबाट घिमिरे र उनका काव्यकृतिहरूलाई यस कोणबाट पनि अध्ययन र विश्लेषण गर्न सकिने स्पष्ट हुन्छ । त्यसैले यस अनुसन्धानात्मक लेखमा प्रस्तुत समस्याको निराकरण गर्न उल्लिखित पूर्वकार्यबाट दिशानिर्देश हुने देखिन्छ ।

## अध्ययनको विधि तथा प्रक्रिया

यो अनुसन्धानात्मक लेख गुणात्मक पद्धतिमा आधारित छ । यस अध्ययनमा प्रयोग भएका सामग्रीहरू पुस्तकालयीय कार्यमार्फत सङ्कलन गरिएको छ । विवेच्य कविता *कालीगण्डकी* प्राथमिक स्रोतको सामग्री रहेको छ भने यस कवितासँग सम्बन्धित लेखहरू र यस अध्ययनका निम्ति उपयोग गरिएका तत्त्वज्ञानसँग सम्बन्धित सामग्रीहरू द्वितीयक स्रोत सामग्री रहेका छन् । यस अध्ययनमा *कालीगण्डकी* कविताको अध्ययन र विश्लेषणको आधार पूर्वीय षड्दर्शनहरूमध्ये सापेक्षित रहेका दर्शनहरूको चिन्तनलाई बनाइएको छ । यी दर्शनमा प्रस्तुत निवृत्तिसँग सम्बन्धित दृष्टिकोण कवितामा व्यक्त समाधिस्थभित्रको अन्तर्यको सन्दर्भलाई साक्ष्यका रूपमा लिएर दृष्टान्तसहित व्याख्यापरक विधिमार्फत विश्लेषण गरिएको छ । यो अनुसन्धानात्मक लेख र यसका सन्दर्भाङ्कन, शीर्षकीकरण, अनुच्छेदविन्यास तथा सम्पादन लगायतका अनुसन्धानात्मक संरचनाहरू एपिए सातौँ संस्करणलाई अनुसरण गरी तयार पारिएको छ ।

## अध्ययनको सीमा

प्रस्तुत अनुसन्धानात्मक अध्ययन माधवप्रसाद घिमिरेको *कालीगण्डकी* कवितामा प्रस्तुत समाधिस्थभित्र रहेको अन्तर्यको विषय जुन तत्त्वज्ञानसँग सम्बन्धित छ त्यो पूर्वीय षड्दर्शनमा आधारित छ । यस लेखमा पूर्वीय आस्तिक दर्शन/षड्दर्शनहरूमध्ये साङ्ख्य, न्याय, मीमांसा, योग र वेदान्त दर्शनको सापेक्षतामा कविताको विवेचन गरिएको छ । त्यसैले षड्दर्शनहरूका तत्त्वचिन्तन बाहेकका

अन्य दर्शन एवम् चिन्तन तथा *कालीगण्डकी* कविता बाहेकका अन्य कविताहरू प्रस्तुत अध्ययनका सीमा रहेका छन् ।

## सैद्धान्तिक पर्याधार

समाधि मोक्षसँग सम्बन्धित विषय हो । यसलाई स्थितप्रज्ञ हुनु तथा सांसारिक चक्रबाट छुट्कारा पाउनु भन्ने बुझिन्छ । यो बन्धनबाट मुक्तिको अवस्था पनि हो । देहेन्द्रियको नियन्त्रणको अवस्थामा मोक्ष प्राप्ति हुन्छ । पूर्वीय षड्दर्शनमा मोक्षका सम्बन्धमा विस्तृत मन्थन भएको पाइन्छ । षड्दर्शनमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्दछन् । महर्षि कपिलद्वारा प्रतिपादित साङ्ख्यदर्शनमा मोक्षका बारेमा चर्चा गरिएको छ । यस दर्शनमा पच्चीसतत्त्वको सम्यक्ज्ञानका माध्यमबाट पुरुषको दुःख निवृत्ति हुन्छ र यही निवृत्ति अवस्था भनेको कैवल्य अवस्था हो (दशोरा, सन् २०११, पृ.१५६) भनिएको छ । कैवल्य अवस्था भनेको मोक्ष हो । साङ्ख्यसूत्रमा दुःखको आत्यन्तिक निवृत्तिमा परमानन्द हुने र यही अवस्थालाई मोक्ष भनिएको छ (साङ्ख्य सूत्र ६।५) । मोक्षलाई जीवनमुक्ति भनेर व्याख्या गरिएको छ । ज्ञानप्राप्तिबाटै मुक्ति मिल्ने उल्लेख छ । दुःख, सुख र आनन्द सबैको अन्त्यपछिको परमानन्द अवस्था मोक्ष हो । दुःख निवृत्तिका लागि ध्यानस्थ हुन आवश्यक छ । यसले अज्ञानतालाई दुःखको कारण मानेको पाइन्छ । पतञ्जलीद्वारा प्रतिपादित योग दर्शनमा चित्तलाई प्रवृत्त मार्गतिर नभै निवृत्त मार्गमा लैजाने माध्यम योग हो भनिएको छ । ईश्वर र जीवका बिचको तादात्म्य नै योग हो (सिंह एवम् सिंह, सन् २०१२, पृ.३८८) । साधनाका माध्यमबाट चित्तवृत्ति निरोध गराउन सकिन्छ । आत्मालाई परमात्मामा लीन गराउने मार्गबाट आत्माको शुद्ध पहिचान गर्न सक्नु योग हो (सक्सेना, सन् २०१२, पृ.८४) । अज्ञानले गर्दा आत्मा नचिनेर मानिसले आफू देहाभिमानी बनेर दुःख पाउने भनेको पाइन्छ । चित्तबाट आत्मा अलग हुनु वा बन्धनबाट मुक्त हुनु पुरुषार्थको अवस्था कैवल्य हो (योग सूत्र ४।३४) । अज्ञानताको निवृत्ति आत्मज्ञानबाट र यो योग साधनाबाट मात्र प्राप्त हुन सक्दछ भनिएको छ । अविद्याका कारण मिथ्याज्ञान उत्पन्न भएर मानिसको चित्त प्रवृत्त मार्गमा लाग्दा चञ्चल भई बन्धनमा पर्दछ (आचार्य, २०५९, पृ.११) । अविद्यालाई विपर्यज्ञान भनेको र यसको निवृत्ति तत्त्वज्ञानले गर्ने उल्लेख गरिएको छ । महर्षि गौतमद्वारा प्रतिपादित न्यायदर्शनमा दुःख, जन्म, प्रवृत्ति, दोष एवम् मिथ्याज्ञानबाट छुटकारा पाउन सोह्र पदार्थको निवृत्तिबाट मोक्ष हुनुपर्ने भनिएको छ (दशोरा, सन् २०११, पृ.७८) । दुःखको आत्यन्तिक निवृत्ति नै मोक्ष वा अपवर्ग हो । सबै प्रकारका दुःखबाट मोक्ष वा निःश्रेयस् अवस्था नै सुख हो भनिएको छ। भौतिक सुखलाई दुःख र आध्यात्मिक सुख वा अपवर्गलाई मोक्ष वा वास्तविक सुख मानेको देखिन्छ। महर्षि कणादले वैशेषिक दर्शनमा मोक्षसम्बन्धी चर्चा गरेका छन् । जन्म र मृत्युको चक्र समाप्तिपछि सबै प्रकारका दुःख अनन्तकालसम्म नष्ट हुने र मोक्ष मिल्दछ भन्ने यस दर्शनको मान्यता छ (सक्सेना, सन् २०१२, पृ.५८) । चिन्तनमा मिथ्याज्ञान रहँदासम्म जन्म र मृत्युको चक्रमा परिरहिन्छ। आत्मा शरीरी हुनु र बाह्यविषयसँग इन्द्रियहरू संसर्गमा रहनु बन्धन हो । तत्त्वज्ञान नै मोक्षका लागि आवश्यक छ। जन्म नै दुःख हो, अविद्या दुःखको मूल कारण हो भन्ने यो दर्शनको मान्यता छ। महर्षि जैमिनि मीमांसा दर्शनका प्रवर्तक हुन् । कर्मकाण्डबाट धर्म र धर्मबाट स्वर्ग प्राप्त हुन्छ भन्ने यो दर्शनको मान्यता छ। यो दर्शनमा मोक्षप्राप्ति पछि स्वर्गको प्राप्ति हुन्छ भनिएको छ (दशोरा, सन् २०११, पृ.२५५) । यसले चरम लक्ष्य नै स्वर्ग प्राप्ति मान्दछ । दुःखको आत्यन्तिक निवृत्तिबाट परमानन्द प्राप्त हुन्छ (मीमांसा सूत्र १।१५) । यसले दुःखबाट मुक्तिलाई

मोक्ष मानेको छ । यसले सांसारिक विषयलाई दु:ख मानेको छ । दु:खको कारण भौतिक वस्तुप्रतिको लोभलालचलाई मानेको छ (मीमांसा सूत्र १।१५) । वेदान्त दर्शनका प्रवर्तक वादरायण हुन् । वेदमा रहेका आध्यात्मसम्बन्धी दार्शनिक विचारहरूको सूत्रात्मक रूप नै वेदान्तदर्शन हो । उपनिषद्, गीता र ब्रह्मसूत्रका दार्शनिक विचारहरू नै वेदान्त दर्शनका आधार हुन् (द्विवेदी, सन् २००७, पृ.५६) । वेदान्त दर्शनका सम्प्रदायमा शङ्कराचार्यको अद्वैत वेदान्त दर्शन विशिष्ट रहेको छ । यसमा मोक्षका बारेमा विस्तृत व्याख्या गरिएको छ । ब्रह्मविद्याबाट ब्रह्मज्ञान पाइन्छ र त्यसपछि ब्रह्म प्राप्ति हुन्छ । सबै प्रकारका बन्धनबाट मुक्ति पाउनु मोक्ष हो (ब्रह्मसूत्र : ४।४।२) । तत्त्वज्ञानबाट सबै कर्म निस्तेज भई जीवन मुक्त हुन्छ (सहाय, सन् २०१४, पृ.३८५) । जीवन ब्रह्ममा मिलेपछि जीव लोप भई मोक्ष प्राप्ति हुन्छ । अविद्याको पूर्ण अभाव नै मोक्ष हो । अज्ञानता नै बन्धनको कारण हो । सांसारिक कर्ममा विश्वास र भौतिक सुख सुविधा तर्फबाट आनन्दको खोजी नै अज्ञानता हो । यो नै बन्धन हो । वेदान्त दर्शनले सांसारिक कर्मलाई दु:खको कारण मानेको छ (सक्सेना, सन् २०१२, पृ.१३८) । अविद्या नै ब्रह्मविद्याको बाधा हो अथवा मोक्षको बाधा हो भन्दै सबै पूर्वीय आस्तिक दर्शनले मोक्षलाई परमप्राप्ति मानेको सन्दर्भमा त्यसकै केन्द्रियतामा *कालीगण्डकी* कविताको विश्लेषण गरिएको छ ।

## ***कालीगण्डकी*मा व्यक्त समाधिस्थभित्रको अन्तर्य**

*कालीगण्डकी* कविता वि.सं.२०१५ सालमा लेखिएको तर परिमार्जनसहित वि.सं.२०१८ सालमा सिंहनाद पत्रिकामा पुन: प्रकाशित भएको कविता हो । मन्दाक्रान्ता छन्दमा लेखिएको प्रकृतिपरक यस कवितामा कालीगण्डकीलाई मानवीकरण गरिएको छ । प्रकृति र मानवका बीचमा नाटकीकरण एवम् सम्बोधनात्मक वार्तालाप गरिएको छ । कवितामा कालीगण्डकीको प्राकृतिक सौन्दर्यता र यसको सृजन शक्तिको चर्चा गरिएको छ । कालीगण्डकीको प्रसिद्धिका साथै यसको सांस्कृतिक, धार्मिक एवम् पौराणिक महत्तालाई प्रस्तुत गरिएको छ । कवि आफू निरन्तर साहित्य साधनामा साधनारत रहेका तर जीवनको उत्तरार्द्धमा कालीगण्डकीको किनारैकिनार मुक्तिक्षेत्रमा पुगेर समाधिस्थ हुन चाहेको कुरा व्यक्त गरेका छन् । यो समाधिस्थको अन्तर्य तत्त्वचिन्तनसँग सम्बन्धित विषय हो । दामोदर हिमशिखरको काखमा रहेको मुक्तिक्षेत्रको जलधाराबाट प्रभावित कालीगण्डकीले ढुङ्गा कुँद्दै सुन्दर शालिग्राम सृजना गर्दै अविरल बगिरहेको छ । कालीगण्डकीमा रहेको यो दिव्यशक्तिप्रति कवि आकर्षित छन् र यो सृजनकलाका अगाडि आफू नतमस्तक भएका छन् । दिव्य सृजना शक्ति बोकेको पवित्र एवम् निर्मल कालीगण्डकीमा राजहाँस पौडेजस्तै गरेर कवि मुक्तिक्षेत्रको मुहानमा पुगेर ध्यानस्थ हुन चाहेका छन् । यस अवस्थामा कवि आफूलाई अत्यन्तै चरम आनन्द मिल्ने कुरामा विश्वस्त छन् । उनले प्राप्त गर्न चाहेको मोक्ष वा आनन्द अधिकांश पूर्वीय आस्तिक दर्शनको परम लक्ष्य हो । कविले कालीगण्डकीको जन्मस्थल मुक्तिक्षेत्रलाई दिव्यधामको संज्ञा दिएका छन् र त्यहाँ पुग्नुमा मोक्ष देखेका छन् ।

ज्ञानले जीवन सुन्दर एवम् आनन्ददायक हुन्छ । ब्रह्मज्ञान नै दिव्यज्ञान हो जो प्रकाशमय छ । साधनचतुष्ट्य (विवेक, कामनावृत्ति आदि त्याग, शम, दमादि साधनयुक्त र मोक्षप्राप्तिका निम्ति दृढ सङ्कल्प), श्रवण, मनन र निदिध्यासनका माध्यमबाट ब्रह्मज्ञान प्राप्तिपछि मोक्ष हासिल हुन्छ भनिएको छ (दशोरा, सन् २०११, पृ.४४४-४४५) । यस कवितामा कवि सांसारिक जीवनमा रहेर गरिएका कर्म र आफ्ना सृजनामा पूर्ण सन्तुष्टि प्राप्त हुन नसक्ने देखी मुक्तिनाथमा गएर ज्ञान प्राप्त गर्न चाहन्छन् । मुक्ति चाहन्छन् । हामीलाई उनका रचना उत्कृष्ट लागे पनि कविले परमानन्द प्राप्तिका लागि मुक्तिक्षेत्रमा समाधिस्थ हुन खोजिरहेका छन् । यस कुरालाई कवितामा यसरी उल्लेख गरिएको छ :

माछापुच्छ्रे गिरिशिखरको पारमा मुक्तिक्षेत्र

बल्छन् बत्ती झलमल जहाँ भुल्भुले मूलभित्र ।
तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्य धाम
काली गङ्गा ! भन न कसरी कुद्दछ्यौ शालिग्राम ॥

(त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ.१३६)

मानिसहरू बाहिरी आँखाले माछापुच्छ्रे देख्दछन्, रमाउँछन् र क्षणिकानन्दमा भुल्दछन् । यो मानिसहरूले परमानन्द के हो भन्ने नबुझ्दासम्म जगत्का यस्तैयस्तै विषयका पछि लागेर अन्यौलमा भौँतारिइरहन्छन् । साधनचतुष्टय आदिबाट विमुख हुँदा मानिस जगत्मा भ्रममा रुमल्लिइरहन्छ । कवितामा माछापुच्छ्रेभन्दा परको मुक्तिक्षेत्र धाममा पुगेर दिव्यज्ञान हासिल गर्दा मानिसले परमानन्द प्राप्त गर्ने उल्लेख गरिएको छ । कवि स्वयम् र अरुलाई त्यही दिव्यधाममा लान खोजेका छन् । मुक्तिक्षेत्रको भुलभुले मूलभित्र झलमल्ल बलेको ज्योतिर्मय धामको उल्लेख गरेर कविले दिव्यज्ञानलाई जनाएका छन् । ज्योतिको दिव्यधाम वाक्यांशले ज्योतिर्मय ज्ञान र दिव्यधामले मोक्षप्राप्ति भन्ने तात्पर्य दिने हुँदा कविताले मोक्षप्राप्ति परमप्राप्ति मानेको बुझ्न सकिन्छ। सामान्य आँखाले जति देख्छौँ त्यतिमात्र सत्य र पूर्ण हुँदैन भन्दै सबैले परमज्योति ब्रह्मज्ञान प्राप्त गर्नुपर्ने बताएका छन् । आत्मज्ञान प्राप्त गर्न त्यति सजिलो नभएको र यसका लागि अन्तरदृष्टि आवश्यक पर्ने कुरालाई यहाँ जोड दिइएको छ । वेदान्त दर्शनले जीवको परमलक्ष्य भनेर मोक्षलाई मानेको पाइन्छ । यो अत्यन्तै आनन्दमय हुन्छ । मोक्षरूप आनन्दको अवस्था हो र यस्तो अवस्थामा प्राणीको प्राणी रूप विनष्ट हुन्छ (राधाकृष्णन् भाग-१, सन् २०१२, पृ.१९४) । कविले यसलाई बोध गरेर नै मोक्षक्षेत्रको महिमा गायन गरेका छन् । उनले बाहिरी आँखाले देखिने माछापुच्छ्रेमा नअल्झी अपरोक्ष ज्ञानमार्फत मुक्तिक्षेत्रलाई चिनेर अविद्याबाट निवृत्त हुन आह्वान गरेका छन् । मोक्षका लागि ज्ञान बाहेक अरु उपाय छैे । मुक्तिक्षेत्रलाई चिनेपछि ज्ञानप्राप्ति हुने र ज्ञानप्राप्तिपछि मोक्ष मिल्ने कविको मान्यता देख्न सकिन्छ ।

माथिको श्लोकमा काली गङ्गालाई शालीग्राम सृजना गर्ने सृष्टिकर्ताका रूपमा कविले प्रस्तुत गरेका छन् । साङ्ख्यदर्शनले प्रकृतिलाई सबै वस्तुको कारण मानेको छ । सत्त्व, रज तथा तमोगुणको साम्य अवस्थालाई प्रकृति भनिएको छ (सा.सू. १।६१) । यहाँ कविले प्रकृतिमा रहेको अनुपम सृष्टिकलाको वर्णन गरेका छन् । विष्णुरूप शालीग्रामको सृष्टि गर्ने प्रकृतिलाई सृष्टिकर्ताका रूपमा चित्रण गरिनु साङ्ख्यदर्शनको मान्यतासँग सापेक्षित विचार हो । न्यायदर्शनले वस्तु के हो भन्दा पनि वस्तुका बारेमा ज्ञान कसरी हासिल गर्ने भन्ने विषयमा रुचि राख्दछ (भुसाल, २०६८, पृ.१०१) । कविले यहाँ शालीग्राम कसरी कुँदेर बनायौ भनेर प्रश्न गरेका छन् । यसको गूढ रहस्य बुझ्न खोजिएको छ । कविले तर्क र प्रमाण खोजेर आफू स्पष्ट हुन खोजेका छन् । शालीग्रामका बारेमा मात्र नभै काली गङ्गाको सृजनकलाको रहस्य बुझ्न खोजेर कविले न्याय चिन्तनलाई प्रस्तुत गरेका छन् ।

यस कवितामा एकातिर मुक्तिक्षेत्र र कालीगण्डकीसँग सम्बन्धित प्राकृतिक, पौराणिक, धार्मिक एवम् सांस्कृतिक सन्दर्भ जोडिएको छ भने अर्कातिर आफैमा अन्तर्निहित सृष्टि सौन्दर्यका मूल र कलात्मक सृजना सीपहरूको सन्दर्भ जोडिको छ । यसरी कवितामा दोहोरो कथन ढाँचा उपयोग गर्ने कालीगडी कविमा रहेको छ । यो कालीगडीभित्र कविले व्यक्त गर्न खोजेको परमतत्त्व यस्तो रहेको छ :

बस्लान् बासा हिमशिखरमा सूर्यका शेष रश्मि
छिप्लान् छाया–मनि दिवसका रङ्गरेखा तिलस्मी ।
बस्लान् खाली अचल–गिरिझैं ध्यानमा मुक्तिनाथ
बाँधी दामोदर–शिखरमा शुभ्र नक्षत्र सात ॥

(पृ.१३७)

विशिष्ट चिन्तन शक्तिले मात्र ब्रह्मबोध हुन्छ । ब्रह्मबोध भनेको ज्ञानजन्य अनुभव हो । यो अन्तरात्माको प्रकाश हो । कविको 'म' पात्र स्वयं जीवन सृजनसिपका प्रवाहमा बगिसकेपछि जीवनका सान्ध्य प्रहरमा कालीका बगरै–बगर मुक्तिनाथसम्म पुगेर त्यहीँ समाधिस्थ हुन चाहन्छ । पतञ्जलिले योगको साधना आठ अङ्गमा पूर्ण हुन्छ भनेको हुँदा यसलाई अष्टाङ्ग योग पनि भनिन्छ (दशोरा, २०११, पृ.२२३) । अष्टाङ्ग योगमा एक ध्यान रहेको छ । यस श्लोकमा कविले अचल गिरिझैँ ध्यानमा मुक्तिनाथभन्दा परका दामोदर शिखरका सप्तर्षि नक्षत्र रहेको उल्लेख गरेका छन् र तिनीहरूकै रहस्यमय प्रश्न रेखामा आफू विलीन हुन चाहेका छन् । यो ध्यानस्थ विचार योग दर्शनमा आधारित छ । केनोपनिषद्मा ब्रह्मविद्याका आधारका रूपमा तपस्या, मन-इन्द्रियहरूमा नियन्त्रण र कर्तव्य पालनलाई लिइएको छ (थापा, २०८०, पृ.६८) । यी आधारहरू समाधिस्थसँग सापेक्षित छन् । कवितामा जीवनको गति गण्डकीको जल–प्रवाहसँग जोडिएको छ । साथै सृजनशीलता र समाधिस्थलाई पनि प्रकृतिसँग जोडिएको छ । कवितामा शुभ्र नक्षत्र सात भनेर सप्तर्षिलाई उल्लेख गरिएको छ । यहाँ प्रसिद्ध सात ऋषिलाई शुभ्र भनेर कविले चित्रण गरेका छन् । ऋषित्वबाट पारङ्गत भएका ऋषिहरूलाई शुभ्र भनेर उल्लेख गरिएको छ । यो शुभ्र अथवा उज्यालो भनेर दिव्यज्ञान भएका ऋषिलाई इङ्गित गरेर कविले तत्त्वचिन्तन प्रस्तुत गरेका  छन् । सात नक्षत्र अचल एवम् अटल भएर ध्यानमग्न भई मुक्तिनाथलाई बाँधेर दामोदर शिखरमा रहेको यहाँ देखाइएको छ । यो महिमा गानले कविमा रहेको पारमार्थिक तत्त्वज्ञानप्रतिको मोह स्पष्ट देख्न सकिन्छ । कविले यस विषयलाई थप स्पष्ट रूपमा कवितामा यसरी उठान गरेका छन् :

गर्दा गर्दै परिश्रम जसै देह यो लस्त होला
हेर्दा हेर्दै चरमगिरिमा सूर्य जो अस्त होला ।
त्यै लालीकासित पलक यो ढालुँला शान्तिसाथ
काली तिम्रा बगर बगरै आउँला मुक्तिनाथ ॥

(पृ.१३७)

सांसारिक जीवनमा मानिसका दैहिक कर्महरू सांसारिक सुखमा केन्द्रित हुन्छन् । कवि यही कर्ममा लागेर आफ्ना साहित्य सृजना पस्केका छन् । कविमा अहिले उच्च मनोकाङ्क्षा रहेको छ । कालीगण्डकीले शिलामा कोरेको अलौकिक कलासौन्दर्यलाई हेर्दा कविले आफ्ना सृजनालाई अरु सुन्दर बनाउन बाँकी रहेको पाएका छन् । आफ्नो कर्मयात्रामा कालीगण्डकीसँग तुलना गर्दै आफूमा रहेको इच्छालाई यहाँ प्रस्तुत गरेका छन् । अलौकिक कला सृजना गर्ने कालीगण्डकीको मुहान मुक्तिनाथमा पुगेर आफ्नो लस्त देहलाई विश्राम दिन चाहेका छन् । सांसारिक जीवनमा सांसारिक परिवेशबाट लस्त बनेका कवि कालीको किनारैकिनार मुक्तिनाथ पुग्न चाहन्छन् । सांसारिक जीवनबाट पारमार्थिक सुख पाउन सकिँदैन भन्ने बोध कविलाई व्यावहारिक जीवनले गराएको छ । आफ्नो सांसारिक कर्म र यसले गरेको सृजनामा कवि अरु उच्च सृजन गर्न चाहन्छन् । कविले खोजेको सृजनकला भनेको आत्मज्ञान अथवा द्वैत निवृत्ति गराउने चिन्तन प्रस्तुतिसहितको सृजना हो । यही परमानन्दको खोजीमा कवि मुक्तिक्षेत्रमा गएर विश्राम लिएर शान्ति प्राप्त गर्न चाहेका  छन् । यो सन्दर्भ वेदान्त दर्शनसँग सापेक्षित रहेको देखिन्छ ।

कालीगण्डकीको कालीगडीले सृजना गरेको अलौकिक शिल्प सौन्दर्यलाई सङ्केत गर्दै कविले आफ्ना सृजनामा त्यसको खोजी गरेका छन् । मेरा सृजनामा त्यो अलौकिक शिल्प सौन्दर्य किन अभिव्यक्त हुन सकेन ? भनेर त्यसमा कवि गम्भीर भएका छन् र भन्दछन् :

मेरो शिल्पी, यस शकलमा स्वस्थ आकार देऊ
योटै सानो सरल कृतिमा पूर्ण संसार देऊ ।

(पृ.१३६)

वेदान्त दर्शनमा ज्ञान परोक्ष र अपरोक्षबाट प्राप्त गर्न सकिने उल्लेख छ । वेदान्त दर्शनले अपरोक्षलाई बढी महत्त्व दिएको देखिन्छ । ब्रह्मज्ञान नै पूर्णज्ञान हो । यही ज्ञान नै स्वस्थ ज्ञान हो । एउटा शकलमा कवि पूर्ण आकार खोजेका छन् तर पाएका छैनन् । ॐ पूर्णमदः पूर्णमिदं पूर्णात पूर्णमुदच्यते । पूर्णस्य पूर्णमाय पूर्णमेवावशिष्यते ॥ (गिरि, २०७३, पृ.१९) । ब्रह्म सबै रूपमा परिपूर्ण छ । जीव-जगत् पनि पूर्ण छ । किनभने यी ब्रह्मबाटै उत्पन्न भएका हुन् । पूर्णबाट पूर्ण निकालेपछि रहेको अंश पनि पूर्ण हुन्छ । कविले यहाँ पूर्ण संसार खोजेका छन्, जुन अन्तर्यमा पूर्णज्ञान दिने पूर्ण अभिव्यक्त भएको कृति सृजना नै हो । वेदान्त दर्शनमा ब्रह्मलाई जहाँ पनि छ भनिएको छ । हरेक टुक्रामा ब्रह्म छ तर कविले त्यसलाई देखेका छैनन् । यहाँ यही खौज्दैछन् । कविले यसलाई बुझ्नु भनेको आत्मज्ञान प्राप्त गर्नु हो । त्यस्तो आकार दिने कलाकारको अभीष्ट र धोको हुन्छ, जुन आकार स्वस्थ र सरल छ । घिमिरेले एउटा सानो कृतिमा पूर्ण संसार व्यक्त गर्न चाहन्छन् । त्यो कुरा भनेको ब्रह्मज्ञान नै हो । जुन ज्ञान पवित्र, स्वस्थ एवम् पूर्ण छ त्यो आत्मज्ञान नै हो । जसलाई कविले आजसम्म आफ्ना सृजनामा व्यक्त गर्न नसकेको स्वीकार गरेका छन् । यही आत्मबोध कविमा प्रकट हुनुलाई आत्मज्ञान मान्न सकिन्छ । यो विषय वेदान्त दर्शनसँग सम्बन्धित छ ।

कालीगडी कालीगण्डकीको पवित्र स्रोत मुक्तिक्षेत्र रहेको छ । कवि आफूलाई यही पवित्र स्रोत चाहिएको महसुस गरेका छन् । कवि कालीगण्डकीजस्तै आफू पनि शिल्पी र यात्री हुन चाहन्छन् । सांसारिक जीवनमा कवि सृजनक्रममा परिश्रमी, संघर्षशील एवम् साधक देखिए पनि कालीगण्डकीको कालीगडीका अगाडि आफूलाई फिक्का पाएका छन् । सृजनक्रममा आफूलाई कालीगण्डकीको कालीगडीसँग तादात्म्य गराउन कसरी सकिएला भनेर सोचिरहेका छन् । आफू आफ्ना सृजनामा केही क्षण सुखी र आनन्दित भए पनि यसमा दिगो सुखानुभूति गरेका छैनन् । कवि आफ्ना सृजनामा स्वरस प्रकट गर्न चाहन्छन् । कविले कवितामा परमतत्त्वयुक्त सृजना पस्केर आनन्दानुभूति गर्न चाहेको कुरा यसरी व्यक्त गरेका छन् :

मेरो सच्चा सुख छ दिनहूँ क्यै नयाँ सिर्जनामा
आफैलाई पनि सृजनको सौखमा बिर्सनामा ।
आफ्नै छातीमनि स्वरसको मूल भेट्तैन जस्ले
तिर्खा कैल्यै पनि हृदयको हेर टर्दैन त्यस्ले ॥

(पृ.१३७)

कवि यहाँ सृजन सौखमा समर्पित कर्मयोगी जीवन र त्यसबाट उपलब्ध हुने आफ्नै हृदयको स्वरसबाट प्राप्त हुने आत्मतृप्तिका बारेमा सोचमग्न भएका छन् । कालीको मुहानमा पुगेर ध्यानस्थ भई पूर्णसृजन गर्न चाहन्छन् । सांसारिक दुःखबाट मुक्त भएको अवस्थालाई मोक्ष मान्ने मीमांसाले मोक्षावस्थामा सुख, दुःख र आनन्द केहीको पनि अनुभूति हुँदैन भनेको छ (सक्सेना, २०१२, पृ.११२) । कविले यही आनन्दप्रति मोह राखेका छन् र मुक्तिधाममा त्यो प्राप्त हुन्छ भन्ने कुरामा विश्वस्त छन् ।

यो स्वरस हामीसँगै छ तर यसलाई नभेट्ने र नचिन्नेले यो जीवनमा कहिल्यै सुख प्राप्त नगर्ने कविको धारणा छ । कविले आफ्नै छातीमुनि रहेको स्वरसको मूल मुक्तिक्षेत्रमा पुगेर ध्यानस्थ भई प्राप्त गर्न चाहन्छन् । स्वरसको मूल भनेकै तत्त्वज्ञान हो । यसको अभावमा जीव सत्यबाट विमुख भई दुःख मात्र पाउने उल्लेख गरिएको छ । सांसारिक जीवनको रुमल्याइले जीव सत्यबाट विमुख हुन्छ । कवि मोक्षधाममा पुग्न लालायित हुनुको कारण नै यही हो । एउटा सानो शालिग्राममा जुन पूर्णता छ, तत्त्वज्ञानीको सृजनामा पनि त्यस्तै पूर्णता पाउन सकिन्छ भन्ने विचार वेदान्त दर्शनसँग सम्बन्धित छ । पूर्णताका लागि विशाल सृजना चाहिन्न । एउटा सानो सरल कृतिमा पनि पूर्णता हुन्छ भन्दै कविले यही पूर्णता आफ्ना कृतिमा चाहेका छन् ।

कालीगण्डकी दामोदर कुण्डबाट निस्केकी पवित्र नदी जसले शालीग्रामजस्तो दिव्य सृजना गरेकी छिन् । कवि यसैको किनारैकिनार मुहानमा पुगेर समाधिस्थ हुन खोजेका छन् । महादेव रहने स्थान कैलाश पर्वत स्वर्ग हो र त्यहीँ कविले ध्यान गरेर आनन्द लिन चाहेका छन् । यसरी कवितामा वैदिक षड्दर्शनले स्वीकार गरेका स्वर्ग, मोक्ष, मृत्यु, पापधर्मजस्ता अभिलक्षणहरूलाई प्रस्तुत गरिएको छ । मोक्ष वेदान्त, समाधिस्थ योग, स्वर्ग र पापधर्म मीमांसा एवम् प्रकृतिको अनुपम सृजनशीलताको कुरामा साङ्ख्य शक्ति तथा कालीगण्डकीले शालिग्राम सृजना गर्ने रहस्यमय शक्तिलाई बुझ्न खोजेको कुरा न्यायदर्शनसँग सम्बन्धित विषय रहेका छन् । यसरी कवितामा कविले समाधिस्थभित्रको अन्तर्यमा मोक्ष चिन्तन नै व्यक्त गरेको देखिन्छ ।

## निष्कर्ष

प्रकृतिपरक *कालीगण्डकी* कवितालाई यस लेखमा वैदिक षड्दर्शनका आलोकमा विश्लेषण गरिएको छ । कालीगण्डकीको सृजनशिल्प र कवि स्वयंको सृजनशिल्पका बिचमा कवि स्वयं तुलनाको कसीमा उभिएर कवितामा प्रस्तुत तत्त्वचिन्तनलाई विश्लेषण गरेका छन् । कालीगण्डकीले शिलामा कोरेको शालिग्रामको अलौकिक कलाको रहस्य बुझ्न र कविले आफ्ना सृजनामा पूर्णता देख्न खोजेको कवितामा उल्लेख छ । यो खोजीले उनी आफ्नो सृजनामा पूर्णता ल्याउन खोजेको स्पष्ट हुन्छ । यसका निम्ति कवि कालीगण्डकीको किनारैकिनार यसको मुहान मुक्तिक्षेत्रमा पुगेर ध्यानस्थ हुन चाहन्छन् । यो ध्यानस्थ मोह भनेकै अविद्यात्मक अवस्थाबाट मुक्त हुन खोज्नु हो । कवि आफ्नो कर्मलाई कालीगण्डकीको दिव्यसृजन शालीग्रामजस्तै पूर्ण गराउन चाहन्छन । यसका निम्ति कवि मुक्तिधाममा पुगेर ध्यानस्थ हुन खोजेका छन् । ध्यानस्थपश्चात् नै मुक्तिक्षेत्रको पवित्र आभाबाट परिपोषित भएर कविले आफू र आफ्ना सृजनामा पूर्णता पस्कन चाहेका छन् । यसरी ध्यान गर्न चाहनु, मोक्ष हुन खोज्नु, रहस्य बुझ्न र मुक्तिधामलाई स्वर्गको स्वरूपमा लिनुजस्ता प्रसङ्गले घिमिरेको यस कवितामा समाधिस्थभित्रको अन्तर्य मोक्ष नै हो भन्ने स्पष्ट हुन्छ । त्यसैले समग्रमा कवितामा वैदिक षड्दर्शनका वैशेषिक दर्शनबाहेकका अन्य दर्शनहरूको प्रभाव परेको भए पनि मूलतः मोक्ष चिन्तन नै अन्तर्यमा व्यक्त भएको देखिन्छ । कवि मुक्तिधाममा पुगेर ध्यानस्थ भएर कालीको कलासृजन सीप हासिल गरेर आनन्दानुभूति गर्न चाहेको स्पष्ट देखिन्छ । यो मोक्षावस्थामा मात्रै सम्भव हुने स्पष्ट छ ।

## सन्दर्भसामग्री


आचार्य, श्रीराम शर्मा (सम्पा.)(२०५९). *साङ्ख्य एवं योगदर्शन.* ब्रह्मवर्चस् शान्तिकुञ्ज ।

गिरि, स्वामी रामानन्द(२०७३). *ईशादि दश उपनिषद्.* महेन्द्र-संस्कृत-गुरुकुलम् ।

चापागाईं, नरेन्द्र(२०४३). *केही सृष्टि : केही दृष्टि.* साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव(२०३१). *सिंहवालोकन*(दोस्रो संस्क.). साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव(२०४६). *नेपाली कविता भाग–४.* साझा प्रकाशन ।
थापा, भोला(२०८०). *केही उपनिषद्हरू.* भोला थापा ।
दशोरा, नन्दलाल(अनु.)(सन् २०११). *हिन्दू धर्म के छः शास्त्र* (षट् दर्शनम्). रणधीर प्रकाशन ।
द्विवेदी, व्रजवल्लभ(सन् २००७). *भारतीय दर्शन* (दोस्रो संस्क.). विश्वविद्यालय प्रकाशन ।
न्यौपाने, सुभाषचन्द्र (२०७८). *माधव घिमिरेका कवितामा अलङ्कारविधान.* अप्रकाशित शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय. मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।
भुसाल, बेदुराम(२०६८). *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू.* नेपाल प्रज्ञा प्रतिष्ठान ।
राकेश, रामदयाल(२०५५). *नेपाली साहित्य : विभिन्न आयाम.* साझा प्रकाशन ।
राधाकृष्णन्, सर्वेपल्लि(सन् २०१२). *भारतीय दर्शन भाग-१.* शोभित, नन्दकिशोर(हिन्दी अनु.).राजपाल एन्ड सन्ज ।
रिसाल, राममणि(२०५०). *नेपाली काव्य र कवि* (चौथो संस्क.). साझा प्रकाशन ।
रूपाखेती(पौडेल), जयन्ती(२०७१). *माधव घिमिरेका बालकविताका प्रवृत्ति.* अप्रकाशित शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय. मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।
सक्सेना, प्रवेश (सन् २०१२). *भारतीय दर्शनों में क्या है ?.* हिन्दू लजी बुक्स ।
सहाय, शिवस्वरूप (सन् २०१४). *प्राचीन भारतीय धर्म एवं दर्शन*(षष्ठ संस्क.). मोतीलाल बनारसीदास ।
सिंह, केदारनाथ र सिंह, शशिभूषण(सन् २०१२). *भारतीय दर्शन.* ज्ञानदा प्रकाशन ।